# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ काठमाडौं ।

## झुरा कागज, लाप्सा कागज, पुराना अखबार, कोर पाइप एवं आल्मुनियम पाता बिक्री सम्बन्धी

## पुनः सिलबन्दी बोलपत्र आह्वानको १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०३।२२**

**सूचना नं. सा.प्र. १३/०७९/०८०**

यस संस्थानको प्रकाशन कार्यमा प्रयोग भई पुनः प्रयोगमा नआउने तथा प्रकाशन कार्य गर्दा प्रेसबाट निस्कने तपसिल बमोजिमका सामानहरू आ.व. ०८०।८१ का लागि सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले तपसिलमा उल्लेखित सामानहरू उठाई लान इच्छुक व्यक्ति वा सङ्घ संस्थाहरूले Vat (मू.अ.क.) लाग्ने सामानहरूका लागि Vat दर्ताको प्रमाणपत्र सहित के-कति दररेटमा उठाई लान सकिन्छ, संस्थानबाट बिक्री गरिने बोलपत्र फाराम खरिद गरी प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| सि. नं. | सामानको विवरण | जम्मा गर्नुपर्ने धरौटी रकम रु. | न्यूनतम मूल्य रकम (भ्याट बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | झुरा कागज | १,६०,२९०।- | रु.१,३३,५७५।- प्रति महिना | मू.अ.क. लाग्ने |
| २ | लाप्सा कागज | ५५,३८०।- | ६५।- प्रति के.जी. | मू.अ.क. लाग्ने |
| ३ | पुराना अखबार | ५,५४५।- | ५५।- प्रति के.जी. | मू.अ.क. लाग्ने |
| ४ | कोर पाइप | ८,२८५।- | ६५।- प्रति थान | मू.अ.क. लाग्ने |
| ५ | आल्मुनियम पाता | ९८,२००।- | २३१।५५ प्रति के.जी. | मू.अ.क. लाग्ने |

### सिलबन्दी बोलपत्रका सर्तहरू :

१. सिलबन्दी बोलपत्र फाराम रु.१,०००।- तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा सङ्घ संस्थाहरूले एकमुष्ठ वा अलग-अलग रूपमा पनि सामान खरिद गर्न सक्नेछन् । बोलपत्र फाराम खरिद गर्न आउँदा व्यक्ति भएमा नागरिकताको फोटोकपी वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र सङ्घ संस्थाका हकमा संस्था दर्ता, भ्याट, प्यानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एवं आ. व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेस गर्नुपर्नेछ ।

२. बोलपत्र दाता व्यक्ति भएमा नागरिकताको फोटोकपी वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र सङ्घ संस्थाका हकमा संस्था दर्ता, भ्याट, प्यानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एवं कर चुक्ता प्रमाणपत्र सहित सिलबन्दी बोलपत्र फाराममा सहीछाप गरी लाहाछाप लगाई पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर झुरा कागज, लाप्सा कागज, पुराना अखबार, आल्मुनियम पाता एवं कोर पाइप सम्बन्धी सिलबन्दी बोलपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं नामले सम्बोधन गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र दाताले बोलपत्र सूचनामा तोकिए बमोजिमको धरौटी रकम संस्थानको ने.बैं.लि. काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा सो बराबरको नगद रकम सोझै संस्थानमा जम्मा गरी सोको रसिद अनिवार्य रूपमा पेस गर्नुपर्नेछ वा मान्यता प्राप्त क श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको कम्तीमा १२० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी दरभाउपत्र पेस गर्नुपर्नेछ ।

५. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिन अर्थात् मिति २०८०।०४।०६ गते अपराह्न १२:०० बजेभित्र सिलबन्दी बोलपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ । प्राप्त भएका बोलपत्रहरू सोही दिनको अपराह्न २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका, तथा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

६. सिलबन्दी बोलपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । भ्याट लाग्ने सामानको हकमा आफूले उल्लेख गरेको रकम भ्याट बाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । उक्त सम्बन्धमा उल्लेख नभएमा उल्लेखित रकम भ्याट बाहेक भनी बुझिनेछ ।

७. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि प्रस्ताव आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

८. हुलहुज्जत, मिलोमतो र सर्तहरू राखी प्राप्त भएका, रीत नपुगेका तथा म्याद नाघी आएका बोलपत्रहरू स्वतः रद्द हुनेछन् ।

९. स्वीकृत बोलपत्र दाताले प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र संस्थानमा उपस्थित भई द्विपक्षीय सम्झौता गर्नुपर्नेछ । उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१०. स्वीकृत सिलबन्दी बोलपत्र दाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा नदिएमा संस्थानले सम्झौता तोडी कार्य सम्पादन जमानत बापतको रकम जफत गर्नेछ ।

११. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**गोरखापत्र संस्थान**

**सामान्य प्रशासन शाखा**

**फोन नं. ५३२३०७८, ५३२६५६४**